" नियमित बचत गर्ने बानी बसालौं"

दर्ता नं.:- ३०/०५२/०५३

पान नं.३०३८३६९२२

# सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.

## इलाम

## १६ औं बार्षिक साधारणसभामा प्रस्तुत प्रगति तथा वित्तिय प्रतिवेदन

## आ.ब. २०७४/०७५


**Contact:**

**ILAM MUNICIPALITY,ILAM**

Phone:-027-521797

Fax: 027-521797

E-mail: sungava.cooperative@gmail.com

**सोह्रौं बार्षिक साधारण सभामा संस्थाका अध्यक्षबाट प्रस्तुत बार्षिक प्रगती, नीति तथा कार्यक्रम २०७५**



**दानादाना गरिकन भरे भौ भकारी**
**एक एक गर्दै हजार हुन्छ सहकारी ।**
**एक्ले थुके सुकी जान्छ सयले थुके खोली**
**आज वचत गर्न सके गर्जो टर्छ भोली ॥**

सहकारी संस्थाका मान्यवर सेयर सदस्य तथा संचालक समितिका पदाधिकारी सदस्य, लेखा सुपरिवेक्षण संयोजक, सदस्यज्यूहरु र आमन्त्रित व्यक्तित्व तथा पुरस्कृत सेयर सदस्य महानुभावहरु साथै संस्थालाई जिवन्त राख्न सधै तन,मन र धनले सहयोग पुर्याउनु हने व्यक्तित्व प्रति आभार तथा कृतज्ञता प्रकट गर्दै कार्यक्रमभा हार्दिक स्वागत गर्न चाहन्छु ।

नेपालको इतिहासमा २०१३ सालमा सारदा गाउंमा बखान सहकारीको नामबाट चितवनमा स्थापना भएर सहकारीको शुरुवात भएको पाइए पनि नेपालको प्रजातान्त्रिक आन्दोलन पछि २०४८ सालमा सहकारी ऐन नेपाल सरकारबाट लागू गरे पश्चात नेपालमा व्यवस्थित रुपमा सहकारी संचालन भएको पाइएको छ । यसै ऐन अनुसार २०५२ भाद्र ३ गते तत्कालिन सुनगाभा क्लबको अगुवाईमा भेला गराई नगर क्षेत्रमा बसोबास गर्ने आम जनसमुदायमा छरिएर रहेको पूँजीलाई एकीकृत गरि सदस्यको आर्थिक,सामाजिक,र सास्कृतिक बिकास गर्ने उद्धेश्यले २०५२ साल पौष १८ गते बिधिवत रुपमा दर्ता गरि २३ औं बसन्त पार गरि सहकारीको मुल्य मान्यता र सिद्धान्तका आधारमा इलाम जिल्लामा परिचित सहकारीको रुपमा संचालन भइ रहेको व्यहोरा सर्वविदितै छ । साथै सहकारीलाई जिवन्त राख्दै सेयर सदस्यको बृहत्तर हितकार्यलाई साधारण सभामा निती तथा कार्यक्रम प्रस्तुत गरी पारित निती तथा कार्यक्रमहरु संचालन भै रहेको व्यहोरा सम्मानित सभामा जानकारी गराउदै, हाल सम्म यस लोकवाट परमधाम गमन हुनु भएका संस्थाका सेयर सदस्यहरु प्रति भावपुर्ण हार्दिक श्रद्धान्जली व्यक्त गर्दछु ।

**आदरणीय उपस्थित शेयर सदस्य महानुभावहरु ,**

यस सुनगाभा बचत तथा ॠण सहकारी संस्थाको मुल उद्धेश्य नै वचत तथा ॠणको कारोवार गर्ने भए पनि सामाजिक सेवाका कार्य लगायत व्यावसायिकतालाई जोड दिइ सेयर सदस्यहरुको भावना अनुरुपको कार्यक्रम तयार गरि आगामी वर्षको निति तथा कार्यकम तयार गर्ने गरिएको व्यहोरा सम्मानित सभालाई जानकारी गराउदै गत वर्ष संस्थाले संचालन गरेका कार्य तथा उपलब्धी जानकारी गराउदछु ।

**संस्थाले आ.ब. २०७४/२०७५ मा गरेका कार्य तथा उपलब्धीहरु**

१, गत वर्षको कार्य योजना अनुसारका सबै कार्यहरु सम्पन्न भएका छन् ।

२, संस्थाको विनियम बमोजिम दशांस सेयर खरिद कार्यलाई कडाइका साथ कार्यान्वयन गरिएकोछ ।

३, संस्थाको शेयर सदस्यता र बाल बचत बृद्धि गरि संस्थाको शेयर, बचत तथा कोषहरुमा रकम बृद्धि गरि संस्थालाई आर्थिक सवलीकरण तर्फ उन्मुख गराइएको छ ।

४, संस्थामा कार्यरत कर्मचारीहरुको बृत्ति बिकासको लागि संस्थाको आयलाई मध्यनजर गरि पारिश्रमिक तथा सेवा सुविधा थप गर्दै लगिएको छ ।

५, संस्थाले नेपाल सरकारको ऐन, नियम तथा संस्थाको निति नियम, विनियम, निर्देशिका र संचालक समितिको निर्णयहरु कार्यान्वयन गरिएकोछ ।

६ प्रवेशिका परिक्षामा सर्वोत्कृष्ट अंक ल्याउने शेयर सदस्यका निजी विधालयमा अध्ययनरत छात्र श्री जेनिथ राजलवट रु ५,०००। र छात्रा श्री मेरिना श्रेष्ठ रु ५०००। र सामुदायिक बिद्यालयबाट छात्रा पुजा न्यौपाने रु ५०००। नगद तथा सम्मान पत्र सहित पुरस्कृत गरियो ।

७, महिला उधमशिलताको लागि सहुलियत व्याज दर बार्षिक १२ प्रतिशतमा १० जना महिला उधमी शेयर सदस्यलाई जनही रु ३००००। का दरले ऋण लगानी गरि व्यावसायिकता तर्फ उन्मुख गरिएकोछ ।

८, संचालक समितिको बैठक नियमित मासिक रुपमा बसी आवश्यकता अनुसारका निर्णयहरु गरिएको ।

९, विभिन्न जिल्लाहरुवाट अवलोकन भ्रमणमा आएका सहकारीहरु विच अन्तरक्रिया सम्पन्न गरिएको छ ।

१०, संस्थाको निति नियम,निर्देशिका वमोजिम संस्थाका उत्कृष्ठ शेयर खरिद कर्ता १ जना,मासिक उत्कृष्ठ बचत कर्ता १ जना, दैनिक उत्कृष्ठ बचत कर्ता १ जना , असल ऋणी सदस्य १ जना, उत्कृष्ठ नियमित बाल बचत सदस्य १ जना र कर्मचारी १ जनालाई सम्मान तथा पुरस्कृत गरिएकोछ ।

११, संस्थाले अतिरिक्त सेवा संचालन मार्फत प्रभु मनि ट्रान्सफर , वेर्स्टन मनि ट्रान्सफर र आई.एम.ई संग सम्झौता गरि मनि ट्रान्सफर लगायत मोवाइल,टेलिफोन,डिक्स होमको रिचार्ज कार्य शुरु गरी सदस्यहरुलाई थपसेवा दिदै आएको छ । साथै सुरक्षित ऋण लगानीमा स्वेच्छिक ऋण बिमाको कार्यक्रम संचालन गरि संस्थाको सेवालाई बिबिधीकरण गर्दै लगिएको छ ।

१२, सदस्यहरुको बृत्ति बिकासको लागि सदस्यहरु संगको छलफल तथा भेला गरिएको साथै संस्थामा सुझाव पेटीका र संस्थागत बडा पत्र राखिएको छ ।

१३, शेयर सदस्यहरुको शेयर,बचत/निक्षेपमा विनियम तथा निर्देशिकामा व्यवस्था भए अनुसारको व्याज तथा लाभाश प्रदान गरिएकोछ ।

१४, साधारण सभामा उपस्थित सदस्यहरुलाई खाना तथा परिवहन खर्च वापत रु ५००। को नियमानुसार कर कट्टी गरेर बाकी हुन आउने रकम नगद नै उपलब्ध गराइएको छ ।

१५, ऋण असुली कार्यलाई पहिलो प्राथमिकतामा राखि घर दैलो तथा टेलिफोन मार्फत ताकेता गरिएकोछ ।

१६, महिला सेयर सदस्यहरुलाई सुत्केरी पोषण वापत जनही रु १८००। र नवजात शिशुको वाल बचतको लागि रु २००। उपलब्ध गराउने नीती अनुसार यस बर्ष नौ जना (सन्जु चेम्जोङ,सुशिला आचार्य मगर,प्रमिला राई, पासाङ्ग डोमा शेर्पा,मैया शिलवाल,सीता तामाङ्ग,पुनम दहाल,मुनादेवी भट्टराई,लाक्पा छेकी शेर्पा ) सदस्यलाई सेवा उपलब्ध गराईएको छ ।

१७, संस्थाका ६ जना बृद्ध सदस्यहरुलाई बार्षिक साधारण सभाको अवसरमा सम्मान स्वरुप हट व्याग वितरण गरिएको छ ।

**आदरणीय उपस्थित शेयर सदस्य महानुभावहरु,**

हाम्रो सहकारीको मुल उद्धेश्य वचत तथा ऋण परिचालन गर्ने भएकोले यसको मुख्य कार्य नै बचत संकलन गरि ऋण लगानी तथा असुलीबाट मुनाफा गरि सेयर सदस्यको हितमा हुने कार्य गर्नु नै हो । यसका लागि संस्थाले विगत देखि भोगेका समस्या तथा चुनौती निम्न अनुसार भएको व्यहोरा सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु ।

**सहकारी संस्थाका चुनौतीहरु**

(१) सेयर सदस्य उल्लेख्य रुपमा बृद्धि हुन नसक्नु ।

(२) ऋणको भाखामा किस्ता तथा ऋण असुल हुन नसक्नु ।

(३) बचत/निक्षेप फिर्ता तोकिए भन्दा वढी माग गर्नु ।

(४) सेयर सदस्यलाई ऋण लिनु र बचत/निक्षेप फिर्ता लिनु अधिकार हो भन्ने लाग्नु ।

(५) महिला उधमीशिलताको ऋण परिचालन तोकिए अनुसार नहुनु ।

(५) सहकारी सहकारी विचको अस्वस्थ प्रतिस्पर्दा र प्राइवेट वैकहरुको बाहुल्यता बढ्नु ।

(७) सबै शेयर सदस्यहरुमा सहकारी शिक्षाको कमी हुनु ।

(८) परिबर्तनशील सरकारी नीति नियम ।

**सहकारी संस्थाका अवशरहरु**

(१) जिल्लामा प्रतिष्ठीत सहकारीका रुपमा पहिचान हुनु ।

(२) सदस्यको मागलाई सम्बोधन गर्दै निति नियमको परिधीमा रही ऋण लगानी तथा बचत फिर्ता गर्नु ।

(३) सेयर सदस्यका बृहत्तर हितका कार्यहरु संचालन गर्नु ।

(४) सहकारीको कार्य क्षेत्रमा जनघनत्व बाक्लो हुनु ।
(५) सहकारीको अधिकांश सेयर सदस्य व्यावसायी तर्फ उन्मुख हुनु ।
(६) संहकारीका विभिन्न कोषहरु मजबुद हुँदै पूंजी कोष बृद्धि हुँदै जानु ।
(७) विविध प्रकारका बचत योजनामा व्याज दर राम्रो हुनु ।

## सहकारी संस्थाले आगामी आ.व. २०७५/२०७६ मा संचालन गर्ने निति तथा कार्यक्रम

**आदरणीय उपस्थित शेयर सदस्य महानुभावहरु,**

यस सुनगाभा सहकारीको मुल नारा नै **"नियमित बचत गर्ने बानी बसालौ"** भन्ने भएकोले यस संस्थाको चुनौतीलाई मध्यनजर राख्दै यस संस्थाको अवसर तथा सेवा सुविधालाई भरपुर उपभोग गरि संस्था जिवन्त राख्न विविध किसिमका बचत योजनालाई नै पहिलो प्राथमिकतामा राखि सबै सेयर सदस्यहरुमा सेयर सदस्यता बृद्धि र पूंजी बृद्धिमा जोड दिन आग्रह गर्दै सम्मानित सभा समक्ष आगामी बर्षको निति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

(१) संस्थाले विविध प्रकारका बचत तथा निक्षेपमा "बचत तथा ऋण निर्देशिका २०६१" मा व्यवस्था भए बमोजिम दैनिक बचतमा ७ प्रतिशत, मासिक बचतमा ९ प्रतिशत र बाल बचतमा ५ बर्ष सम्म उमेर समुहकालाई १३ प्रतिशत, ५ देखि १० वर्ष उमेर समुहकालाई ११ प्रतिशत र १० बर्ष देखि १६ वर्ष उमेर समुहकालाई १० प्रतिशत र आवाधिक बचत एक, दुई, तीन र पाँच वर्षमा क्रमस ९, ९.५, १० र १०.५ प्रतिशत वार्षिक व्याज दिने व्यवस्थालाई यथावत राखिएको छ ।

(२) संस्थाले शेयर सदस्यको हित र सहकारी नीति नियम अनुसार बचत र लगानीको ब्याज दरमा अधिकतम ५ प्रतिशतको फरकमा ऋण लगानी गर्ने नीति अवलम्वन गरेअनुसार बार्षिक १४ प्रतिशत र महिला उद्यमशिलता कार्यक्रममा सहभागी महिला शेयर सदस्यहरुलाई १२ प्रतिशत व्याजदमा ऋण लगानी गर्ने व्यवस्थालाई यथावत राखिएकोछ ।

(३) साधारण सभामा उपस्थित सदस्यहरुलाई परिवहन तथा खाजा वापत रु ५००। मा नियमानुसार लाग्ने कर कट्टी गरी नगद भुक्तानी गरिनेछ भने नियमित बालबचत गर्ने बाल बचत सदस्यलाई रु ३००। नगदै वा निजको खातामा जम्मा गरि भुक्तानी गरिने व्यवस्थालाई यथावत राखिएको छ ।

(४) संस्थाका शेयर सदस्यहरुको मृत्यु भएमा काज क्रिया वापत एकमुष्ठ रु २०,०००। सेयर सदस्यका परिवारलाई उपलब्ध गराइने व्यवस्थालाई यथावत राखिएको छ । सो कोष स्थापनाका लागि सेयर सदस्यहरुबाट बार्षिक रु १००। सदस्य राहत कोषमा जम्मा गर्ने व्यवस्थालाई यथावत राखिएको छ

(५) संस्थाको स्थायी सम्पत्ती घर जग्गा खरिद र ऋण जोखिमलाई न्यूनीकरण गर्न घर जग्गा खरिद कोष तथा, ऋण जोखिम कोषलाई मजबुद गर्दै लगिनेछ ।

(६) ऋण लगानी तथा असुली प्रकृयालाई चुस्त दुरुस्त राख्न निर्देशिकामा व्यवस्था भए अनुसार कडाइका साथ पालना गरि ऋण लगानी सुरक्षित र भरपर्दो बनाई असुलीको लागी कडाइका साथ घर दैलो कार्यक्रम गरिनेछ ।

(७) शेयर सदस्यहरुको क्षमता अभिबृद्धि गर्न शेयर सदस्यहरुको माग बमोजिमका लघुउधमशिलता, सहकारी शिक्षा लगायतको तालिम संचालन गरिनेछ ।

(८) संस्थामा कार्यरत कर्मचारीहरुलाई समय सापेक्ष तालिम तथा पारिश्रमिक उपलब्ध गराउदै लगिनेछ । साथै कर्मचारीहरुको कार्य सम्पादन मुल्याङ्कन गरी पुरस्कार र दण्ड व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ ।

(९) संस्था र शेयर सदस्यहरु बिच सुमधुर सम्वन्ध कायम राख्न र आफ्नो अनुभव आदान प्रदान तथा सहकारी शिक्षा संचालन बर्षमा कस्तीमा ६ पटक संचालन गरिनेछ ।

(१०) संस्थाका शेयर सदस्य बृद्धि गरिदै लैजाने नितिलाई कायम नै राखि प्रत्येक सेयर सदस्यले एक जना शेयर सदस्यता थप गर्ने नितीलाई कायमै राखिनेछ ।

(११) समयानुकुल संस्थाका शेयर सदस्यका हित हुने कार्यहरु संचालन गरिदै लगिनेछ ।

(१२) शेयर सदस्यहरुलाई ऋण माग फाराम दर्ता भएको प्राथमिकताका आधारमा ऋण लगानी गरि समयमा ऋणको किस्ता र ब्याज बुझाउने सेयर सदस्यलाई पाकेको ब्याजको १० प्रतिशत छुट दिने व्यवस्थालाई कायम नै राखिएकोछ ।

(१३) बचत जमानी तथा धितो जमानीमा ऋण लगानी गर्ने नीतिलाई यथावत राखी धितो जमानीमा अधिकतम पन्ध्र लाख सम्म (तीन वर्ष) सम्मका लागी गरिनेछ ।

(१४) संस्थामा गठित ऋण तथा धितो मुल्याङ्कन उपसमितिका संयोजक तथा सदस्यहरुले वैठक वसी ऋण लगानीको सिफारिस गरेपछि मात्र ऋण लगानी गरिने भएको हुंदा उक्त समितिको बैठक कम्तीमा महिनाको एक पटक बस्ने र धितो मुल्याङ्कन र ऋणको पारिश्रमिक प्रति सदस्य रु. २००। का दरले उपलब्ध गराउने व्यवस्थालाई यथावत कायम गरिएको छ ।

(१५) नियमानुसारको दशाँस शेयर अनिवार्य जम्मा गर्नु पर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

(१६) संस्थाका उत्कृष्ठ मासिक बचत कर्ता १ जना, दैनिक बचत कर्ता १ जना,उत्कृष्ठ नियमीत बाल बचत कर्ता १ जना, शेयर खरिदकर्ता १ जना तथा उत्कृष्ठ ऋणी सेयर सदस्य १ जना, उत्कृष्ठ कर्मचारी १ जनालाई सम्मान तथा पुरस्कृत वार्षिक साधारण सभामा गरिनेछ ।

(१७) सस्थाका शेयर सदस्यका सामुदायिक तथा निजी विद्यालयवाट **SEE** परिक्षामा सर्वोत्कृट अंक ल्याउने १/१ जना छात्रा/छात्र गरि ४ जनालाई जनही रु ५०००। दरले प्रशंसा पत्र सहित सम्मान वार्षिक साधारण सभामा गरिनेछ ।

(१८) संस्थाका महिला शेयर सदस्य सुत्केरी भएमा वढीमा २ बच्चा सम्मलाई नवजात शिशुको पोषणको लागि एकमुष्ठ रु १८००। उपलब्ध गराइ नवजात शिशुको नाममा रु २००। बाल बचत खाता खोलि दिने नीतिलाई निरन्तरता दिदैं यथावत राखिएकोछ ।

(१९) घर जग्गा खरिद कोष व्यवस्थापनको लागि शेयर सदस्यता स्वीकृत भएको वखत रु ५००। लिइ घर जग्गा कोषमा जम्मा गरिनेछ ।

(२०) समय सापेक्ष सहकारी श्रेस्ता प्रणालीलाई व्यवस्थित गर्न सहकारीको सफ्टवेयर खरिद गरि श्रेस्ता प्रणालीलाई व्यवस्थित गरिनेछ ।

(२१) कर्मचारी हितकोषलाई बृद्धि गर्दै लगिने छ ।

(२२) अध्ययन अवलोकन भ्रमण गरिने छ ।

(२३) संचालक समितिको सेबा सुबिधा बिगत को निर्णय अनुसार कार्यान्वयन गरिनेछ ।

## संस्थाको संस्थागत जनशक्ति विवरण

- शेयर सदस्यहरु ५९८ जना (महिला ३१२,पुरुष २८६ र संस्थागत २ बटा)
- बाल बचत सदस्य १४८ जना (महिला सदस्य ७२ र पूरुष ७६ जना)
- जेष्ठ नागरिक बचत सदस्य १० जना (महिला सदस्य ८ र पूरुष २ जना)
- संचालक समिती ११ जना
- लेखा सुपरिवेक्षण समिती ३ जना
- धितोमुल्याङ्कन उप समिति ३ जना
- ऋण उप समिति ४ जना
- शिक्षा उप समिति ३ जना
- महिला उद्यमशीलता बिकास उप समिति ३ जना
- कर्मचारी ४ जना

## संस्थाको आर्थिक विवरण

| | | |
|---|---|---|
| (१) | सेयर पूंजी | रु १,०३,९२,९००।०० |
| (२) | जगेडा कोष | रु ६,८६,५२६।१५ |
| (३) | अन्य कोषहरु | रु २७,१२,७७७।१८ |
| (४) | निक्षेप/बचत | रु ३,३०,८१,७८१।६१ |

**आदरणीय शेयर सदस्य महानुभावहरु ,**

सहकारीको मुल्य मान्यता र सिद्धान्तलाई मध्य नजर गर्दै आगामी बर्षको बार्षिक कार्य योजना निम्न अनुसार प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**संस्थाको आ.व.२०७५/०७६ बार्षिक कार्ययोजना**

| सि.नं | कार्यक्रम | कहिले गर्ने | स्थान | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | सदस्यता बृद्धि | बर्ष भरि निरन्तर | संस्थाको कार्यालय | संचालक समिति र कर्मचारी |
| २ | घर दैलो कार्यक्रम | आवश्यकता अनुसार | सम्बन्धीत ऋणी सदस्यको घरमा | संचालक समिति र कर्मचारी |
| ३ | संचालक समितिको बैठक | मासिक | संस्थाको कार्यालय | संचालक समिती |
| ४ | धितो मुल्याङ्कन तथा ऋण समितीको बैठक | आवश्यकता अनुसार | संस्थाको कार्यालय | उप समितिका सदस्यहरु |
| ५ | लेखा सुपरिवेक्षण समितिको बैठक | त्रैमासिक | संस्थाको कार्यालय | लेखा सुपरिवेक्षण समिति,व्यवस्थापक |
| ६ | सेयर सदस्यहरुको भेला तथा छलफल | उपर्युक्त समयमा वर्षको ६ पटक | संस्थाको कार्यालय वा तोकेको स्थानमा | संचालक समिति र व्यवस्थापक तथा अन्य कर्मचारी |
| ७ | व्याज वितरण | बार्षिक | संस्थाको कार्यालय | संचालक समिति र व्यवस्थापक |
| ८ | आन्तरीक लेखा परिक्षण | श्रावण मसान्त सम्ममा | संस्थाको कार्यालय | लेखा सुपरिवेक्षण समिति व्यवस्थापक |
| ९ | अन्तिम लेखा परिक्षण | भाद्र मसान्त भित्र | संस्थाको कार्यालय | व्यवस्थापक र मान्यता प्राप्त दर्तावाला लेखा परिक्षक |
| १० | बार्षिक साधारण सभा | आश्विन मसान्त भित्र | सभा हल | संचालक समिति, व्यवस्थापक अन्य कर्मचारीहरु र शेयर सदस्यहरु |
| ११ | सम्मान तथा पुरस्कार वितरण | बार्षिक साधारण सभाको अवसरमा | सभा हल | संचालक समिति ,कर्मचारी |
| १२ | राहात तथा सामाजिक सेवाका कार्यहरु | आवश्यक समयमा | तोकिएको स्थान | संचालक समिती,कर्मचारी ,शेयर सदस्य |
| १३ | बार्षिक प्रगति समिक्षा | श्रावण महिना | संस्थाको कार्यालय | व्यवस्थापक,संचालक समिति,कर्मचारीहरु |
| १४ | अवलोकन भ्रमण | उपयूक्त समयमा | उपयूक्त सहकारी | संचालक समिति, कर्मचारीहरु |

**आदरणीय उपस्थित मान्यजन तथा शेयर सदस्य महानुभावहरु ,**

यस संस्थाको विनियम तथा निर्देशिकामा नेपाल सरकारले जारी गरेको सहकारी ऐन २०७४ तथा संघीय संरचना अनुसार शंसोधन गर्नु पर्ने भएकोले निम्न शंसोधन प्रस्ताव पेश गरेकोछु ।

**विनियम तथा निर्देशिका शंसोधन प्रस्तावहरु**

(१) संस्थाद्वारा प्रदान गरिदै आएको सदस्य राहत कार्यक्रम अन्तर्गत शेयर सदस्यहरुको सवैखाले मृत्यूवरण भएमा राहात उपलब्ध गराईनेछ ।

२) बचत तथा ऋण निर्देशिका परिच्छेद ४ को ४.२८ मा भएको ऋण लागानीको रकम संस्थागत तरलतालाई मध्यनजर राखी अधिक्तम् रु. १०,००,०००।- कायम भएकोमा आगामी दिनमा अधिकतम् रु १५,००,०००।- सम्म धितो जमानीमा दृष्टिबन्धक रोक्का गरि र बचत जमानीमा ऋण लगानी गरिनेछ र रु. १०,००,०००।- भन्दा माथिको ऋणको समय अविधीमा बृद्धि गरि ३ वर्ष बनाउने प्रस्ताव समेत गरिएको छ ।

**आदरणीय उपस्थित मान्यजन तथा शेयर सदस्य महानुभावहरु ,**

हाम्रो निमन्त्रणालाई स्वीकार गरि पाल्नु भइ यस गरिमामय सभालाई हौसला दिनु हुने आमन्त्रित व्यक्तित्व,संचारकर्मी मित्रहरु,लेखा सुपरिवेक्षण समिति संयोजक,संचालक समितिका सहकर्मी मित्रहरु लगायत उपस्थित शेयर सस्दस्य महानुभावहरुमा प्रस्तुत प्रतिवेदनलाई गहन अध्ययन मनन गरि राय सुझाव भए राय सुझाव सहित अनुमोदन गरि दिन हुन यस सम्मानित सभा समक्ष जानकारी गराउंदछु ।

**जय सहकारी**

मिति २०७५ साल मंसिर २९ गते शनिवार
ईश्वरकुमार सुबेदी
अध्यक्ष
सुनगाभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड इलाम

# सोह्रौं बार्षिक साधारण सभामा सचिबद्धारा प्रस्तुत संस्थागत प्रतिवेदन ०७५ मंसिर २९



**सभाका सभाध्यक्ष ज्यू**

संचालक समितिका पदाधिकारी तथा सदस्यमित्रहरु,लेखा समितिका संयोजक तथा सदस्यज्यूहरु आमन्त्रित ब्यतित्वहरु धितो मुल्याँकन उप समितिका पदाधिकारी,ऋण उपसमितिका पदाधिकारी,शिक्षा उप समितिका पदाधिकारी,महिला उधमशिलता बिकास उप समितिका पदाधिकारी तथा उपस्थित सम्पुर्ण शेयर सदस्य ज्यूहरुमा हार्दिक स्वागत अभिवादन गर्न चाहान्छु । सुनगाभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड इलामको यस सम्मानित सोह्रौं बार्षिक साधारण सभामा संस्थाको संस्थागत गतिविधि प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

**उपस्थित शेयर सदस्य ज्युहरु**

संस्थाका अध्यक्षज्यू बाट निती तथा कार्यक्रम प्रस्तुत भैसकेको छ भने संस्थाका कोषाध्यक्षज्यू बाट आ.व. ०७४।०७५ को आय ब्यय तथा आ.व. ०७५।०७६ को अनुमानित बजेट प्रस्तुत गर्नुहुने नै छ अब म संस्थागत गतिबिधीहरु पेश गर्न चाहन्छु ।

**१ संस्थामा रहेको सदस्यता संख्या : ७५८ जना**

- महिला : ३९२
- पुरुष : ३६४
- संस्था : २

**२ सदस्य राहात बितरण कार्यक्रम अन्तर्गत हाल सम्म राहात पाउने मृतक सदस्यहरु**

- निजता मल्ल कट्टेल
- पूर्ण ब. त्रिखत्री
- छबिलाल बि.क.
- सुबास शाह मोदी

**३ सम्मान कार्यक्रम अन्तर्गत शेयर बचत ऋण तथा उत्कृष्ठ बाल बचत हाल सम्म सम्मानित शेयर सदस्यहरु**

- बिजय राई ,मन्जु चापागाँई ,कृष्ण शिवा ,सुबास शाह मोदी ,कृष्ण प्र घिमिरे ,कृष्ण प्र. श्रेष्ठ ,सुनगाभा बिकास संस्था ,लिलामाया थापा ,कौशिला राई ,रुपिणा राई ,प्रेम ब. खत्री सुबेदी ,सुरेन सुबेदी ,सिता भण्डारी, एस .बि. लिम्बु ,हरि कटुवाल ,पबिमाया गुरुङ्ग ,चुडामणी सापकोटा ,महालक्ष्मी राजलवट,टेकबहादुर श्रेष्ठ ,सोमनाथ अधिकारी ,देबी कार्की ,युसामा देवान,शोभा परियार,इन्द्रकला थापा ' सुबेदी,सुष्मा

श्रेष्ठ,राधादेबी दहाल तिर्थ श्रेष्ठ,ओजस्वी पौडेल (गार्गी),उमेश कटुवाल,आयुसा राई

**४ एस.इ.इ. परीक्षामा छात्रबृत्ति कार्यक्रम अन्तर्गत हाल सम्म सम्मानित छात्र ,छात्राहरु**

- युरिका सुबेदी
- बिबेक कोईराला
- सर्बसा काफ्ले
- बिन्दु भण्डारी
- तान्छोक थाम्सुहाङ्ग
- सिसम सिं
- संकल्प कोइराला
- मेरिना श्रेष्ठ
- जेनिथ राजलवट
- पुजा न्यौपाने

**५ कर्मचारी सम्मान कार्यक्रम अन्तर्गत सम्मानित कर्मचारीहरु**

- रिता घिमिरे थापा
- सुरेश सापकोटा
- फुलकुमारी प्रधान
- भुवन सुबेदी

**६ संस्थाद्धारा प्रदान गरिदै आएका थप सेवाहरु**

१ संस्थागत बडापत्र निर्माण गरी संस्थाको कार्यालयमा राखि सो अनुसार सेवा सुबिधा उपलब्ध गराउदै आएको छ ।

२ IME, प्रभु मनि ट्रान्सफर,वेर्स्टन मनि ट्रान्सफर को सेवा संचालनमा ल्याई बिजुलीको बिल भुक्तानी, हवाई टिकट,टेलिफोन बिल भुक्तानी,इन्टरनेट बिल भुक्तानी जस्ता थप सेवाहरु शेयर सदस्यहरुलाई उपलब्ध गराउदै आएको छ ।

**७ शेयर सदस्यता बृद्धि**

आ.ब. ०७५।०७६ मा सदस्यता बृद्धि गर्ने क्रममा बाल बचत र मासिक बचतकर्ता सदस्यहरुलाई बढि प्राथमिकता दिदै सदस्यता बृद्धि गर्दै लगिनेछ ।

**शेयर सदस्य मित्रहरु**

➢ सहकारीको पाँचौं सिद्धान्त तालिम र सूचना बमोजिम समिति, उपसमिति, कर्मचारी,शेयर सदस्यहरुलाई प्राथमिकताको आधारमा प्रशिक्षण, शिक्षा शिविर र सहकारी सम्बन्धी सूचना आवश्यक हुने हुंदा सहकारी संघ संस्थाले आयोजना गर्ने तालिम,गोष्ठीमा सहभागिता हुदै आएको र आगामी दिनमा यसलाई निरन्तरता दिदै लगिनेछ ।

- संस्थाले शेयर सदस्यहरुको संस्थागत ऋण बिमा, जिवन बिमा जस्ता कार्यक्रमहरु संचालन गर्न बिभिन्न बीमा कम्पनीहरुसंग आवश्यक परामर्श गरी बीमा कार्यक्रम संचालन गर्दै शेयर सदस्यहरुको जीबनस्तरमा सहजता कायम गर्न आगामी बर्ष कार्यान्वयनका लागि प्रकृया अगाडी बढाइने छ ।
- सरकारी नीति अनुसार यस बर्ष ०७५ चैत्र मसान्त भित्रमा सबै शेयर सदस्यहरुको KYM (Know Your Manıber) फारम अनिबार्य रुपमा भराई सदस्यहरुको बिवरण अध्यावधिक गर्दै लगिने छ ।
- इलाम जिल्लाको सक्षम सवल संस्थाको रुपमा यो संस्थालाई बिकसित गर्न आर्थिक रुपले सक्षम बनाउन जरुरी छ । यसको लागि पूँजीको जरुरत पर्दछ । संस्थामा आवश्यक पुँजी निर्माण गर्दै आगामी केही बर्ष भित्रमा जिल्लाकै उत्कृष्ठ सहकारी संस्थाको रुपमा बिकास गर्ने लक्ष्य राखिएको छ ।
- संस्थाले हाल गर्दै आएको कार्यहरुलाई निरन्तरता दिदैं आगामी दिनमा थप सेवा सुविधामा बिस्तार गर्दै जाने लक्ष्य राखिएको छ ।
- सहकारी ऐन २०७४ मा समावेश गरे अनुरुप एकै प्रकृतीको सहकारी संस्थामा एक भन्दा बढी सदस्यता लिन नपाईने ,ऋण उद्धेश्य बमोजिम मात्र लगानी गर्नुपर्ने जस्ता प्रावधानलाई यस बर्ष देखि कढाइका साथ कार्यान्वयन गर्नुपर्ने बाध्यता भएको हुदा यस संस्थाले पनि ऐन अनुसार नै आफ्ना कार्यक्रमहरुलाई संचालन गर्दै लगिने छ ।

**शेयर सदस्य महानुभावहरु**

संस्थाले निरन्तर सफलता हासिल गर्दै जानुमा तपाई सम्पूर्ण शेयर सदस्यहरुको महत्वपूर्ण योगदान रहेको निर्विवाद छ । संस्थाको उन्नती र प्रगतिमा यहाँहरुबाट सदा सर्वदा यसरी नै अविछिन्न सहयोग,सल्लाह र सुझाव पाई रहने अपेक्षा राखेको छु ।

अन्तमा सोह्रौं बार्षिक साधारण सभामा संस्थाले तयार गरेको योजना जिम्मेवारीका साथ बहन गर्न तर्फ हामी सबै शेयर सदस्यहरुको सहयोग सद्भावको अपेक्षा सहित हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नुहुने सम्पर्ण शेयर सदस्य महानुभावहरुमा पुन : स्वागत गर्दै मैले प्रस्तुत गरेको प्रतिवेदन यस सम्मानित हलबाट पारित गरिदिनुहुन समेत अनुरोध गर्दै बिदा चाहान्छु ।

**धन्यवाद**

**जय सहकारी**

०७५ मंसिर २९ गते शनिबार

नरेन्द्र खड्का

सचिव

सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.

इलाम ।

## सुनगाभा बचत तथा ऋण सहकारी संस्थाको सोह्रौं बार्षिक साधारण सभामा पाल्नु हुने सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत गर्दछु ।

### "नियमित बचत गर्ने बानी बसालौं"



सुनगाभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड इलामको सोह्रौं बार्षिक साधारण सभाका अध्यक्ष महोदय, उपस्थित अतिथीगण,लेखा समिति संयोजक, संचार कर्मी,कर्मचारी साथिहरु एव.संहकर्मी मित्रहरु, सेयर सदस्य महानुभाव,सम्मानित तथा पुरष्कृत व्यक्तित्वहरुमा पुन: हार्दिक स्वागत गर्दछु । यस संस्थाको आ.ब.२०७४/०७५ को प्रक्षेपित तथा यथार्थ कारोवारहरु र आगामि वर्ष २०७५।०७६ को प्रक्षेपित वित्तिय विश्लेषण संक्षिप्तमा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

### आ.ब. ०७४।०७५ को प्रस्तावित,यथार्थ र आ.व.०७५।०७६ को लागि विनियोजित आय तथा ब्यय विवरण ।

१.आम्दानी विवरण:

| ब्याज तथा अन्य आम्दानी हिसाव विवरण | गत आ.व.को प्रस्तावित | यस बर्षको यथार्थ | आगामि वर्षको प्रस्तावित |
|---|---|---|---|
| १क.बैंकको ब्याज | ३,२०,०००।०० | ३,३५,७०२।७० | ३,५०,०००।०० |
| १ख.ऋण लगानीको ब्याज | ४४,५०,०००।०० | ४४,६४,३८२।०० | ५४,००,०००।०० |
| जम्मा ब्याज आम्दानी रु. (१क+१ख) | ४७,७०,०००।०० | ४८,००,०८४।७० | ५७,५०,०००।०० |
| अन्य आम्दानी | | | |
| २क.रेमिट्यान्स र लगानि वाट | ४०,०००।०० | ६०,०१५।०० | ६५,०००।०० |
| २ख.बिविध आम्दानी | ३,२०,०००।०० | ३,५६,७७५।०० | ४,००,०००।०० |
| *जम्मा अन्य आम्दानी रु. (२क+२ख)* | *३,६०,०००।००* | *४,१६,७९०।००* | *४,६५,०००।००* |
| १.कूल ब्याज र अन्य आम्दानी रु.(१+२) | ५१,३०,०००।०० | ५२,१६,८७४।७० | ६२,१५,०००।०० |

२.कार्यालय संचालन तथा प्रशासनिक खर्च:

| विवरण | गत आ.व.को प्रस्तावित | यस बर्षको यथार्थ | आगामि वर्षको प्रस्तावित |
|---|---|---|---|
| तलव खर्च | ८,१३,०००।०० | ८,५५,०७२।०० | ९,५१,०७२।०० |
| कर्मचारी हित कोष | २०,०००।०० | २०,०००।०० | ४०,०००।०० |
| मसलन्द | १,००,०००।०० | ५४,३३२।०० | ८०,०००।०० |
| घर भाडा | ९०,०००।०० | ८६,७१८।६० | ८५,०००।०० |
| संचार,टेलीफोन | ३०,०००।०० | २६,०००।०० | ३०,०००।०० |
| विधूत | ४,०००।०० | २,२५४।०० | ५,०००।०० |
| कार्यालय व्यवस्थापन तथा आ.ले.प.खर्च | १०,०००।०० | ८,०००।०० | १०,०००।०० |

| विवरण | गत आ.व.को प्रस्तावित | यस बर्षको यथार्थ | आगामि वर्षको प्रस्तावित |
|---|---|---|---|
| सरसफाई खर्च | ५१,२१६।०० | ४६,५६०।०० | ४५,०००।०० |
| विविध (चिया,नास्ता,भैपरि,अतिथि सत्कार र परामर्श सेवा आदि ।) | १,२०,०००।०० | ९५,१३८।०० | १,१५,०००।०० |
| लेखापरीक्षण शूल्क | २५,०००।०० | २५,०००।०० | २५,०००।०० |
| कूल प्रशासनिक तथा संचालन खर्च | १२,६३,२१६।०० | १२,१९,०७४।६० | १३,८६,०७२।०० |

३.वित्तिय तथा प्रर्वद्धनात्मक खर्च:

| विवरण | गत आ.व.को प्रस्तावित | यस बर्षको यथार्थ | आगामि वर्षको प्रस्तावित |
|---|---|---|---|
| ब्याज छुट खर्च | २,८०,०००।०० | २,८५,१३७।०० | ३,००,०००।०० |
| धितो मुल्यांकन खर्च | १०,०००।०० | १६,२००।०० | २०,०००।०० |
| बचतमा ब्याज भूक्तानि | १७,००,०००।०० | १८,५६,००८।९४ | २२,५०,०००।०० |
| बैठक भत्ता खर्च | ६५,०००।०० | ३८,२५०।०० | ४५,०००।०० |
| कर भूक्तानी खर्च:सा.सू, ब्याजकर,बैठक भत्ताकर,साधारण सभाको करबहालकर | १,५०,०००।०० | १,९८,९९६।७२ | १,८०,०००।०० |
| कर भूक्तानि गतको रहल | ०।०० | १२०५७३।०० | १५००००।०० |
| कर समायोजन गतको अडिट अनूसार | ०।०० | १०९३४५।९९ | ०।०० |
| साधारण सभा खर्च | ५,५०,०००।०० | ४,०३,५८२।०० | ५,५०,०००।०० |
| मर्मत संभार, छपाई, सफ्टवेयर आदि । | ५००००।०० | ३६५२५।०० | १,००,०००।०० |
| *वित्तीय तथा प्रवर्धन खर्च जम्मा रु.* | २८,०५,०००।०० | ३०,६४,६१८।६५ | ३५,९५,०००।०० |

४.कार्यक्रमगत खर्च हिसाब विवरण

| विवरण | गत आ.व.को प्रस्तावित | यस बर्षको यथार्थ | आगामि बर्षको प्रस्तावित |
|---|---|---|---|
| आय आर्जन तालिम वा गोष्ठि | ३०,०००।०० | ०।०० | ३०,०००।०० |
| सहकारी शिक्षा तथा तालिम | २००००।०० | ०।०० | २०,०००।०० |
| अध्यायन अवलोकन भ्रमण | ०।०० | ०।०० | ३०,०००।०० |
| छलफल तथा समिक्षा सदस्यसंग | १०,०००।०० | ०।०० | १०,०००।०० |
| महिला सदस्यलाई सूत्केरी पोषण कार्यक्रम | २०,०००।०० | १६,४००।०० | २५,०००।०० |
| उत्कृष्ठ शिक्षा सम्मान | २०,०००।०० | १५,०००।०० | २०,०००।०० |

| विवरण | गत आ.व.को प्रस्तावित | यस बर्षको यथार्थ | आगामि वर्षको प्रस्तावित |
|---|---|---|---|
| उत्कृष्ठ ऋणी,बचत कर्ता,शेयर खरिद कर्ता तथा कर्मचारी सम्मान | ३०,०००।०० | ३०,०००।०० | ४०,०००।०० |
| *ह्रास खर्च* | ४४,१२४।४२ | ४४,१२४।९३ | ३३,०९३।३२ |
| कार्यक्रम गत खर्च जम्मा रु. | १,७४,१२४।४२ | १०,५,५२४।९३ | २०,८,०९३।३२ |
| कूल खर्च रकम रु.(२+३+४) | ४२,४२,३४०।४२ | ४३,८९,२१८।१८ | ५१,८९,१६५।३२ |
| | | | |
| ५.आय/ब्यय हिसाब विवरण: | | | |

| विवरण | गत आ.व.को प्रस्तावित | यस बर्षको यथार्थ | आगामि वर्षको प्रस्तावित |
|---|---|---|---|
| कूल आम्दानी रकम रु. (१वाट) | ५१,३०,०००।०० | ५२,१६,८७४।७० | ६२,१५,०००।०० |
| कूल खर्च रकम रु. (-) (२+३+४) | ४२,४२,३४०।४२ | ४३,८९,२१८।१८ | ५१,८९,१६५।३२ |
| जम्मा खर्च पछिको नाफा | ८,८७,६५९।५८ | ८,२७,६५६।५२ | १०,२५,८३४।६८ |
| आय कर ब्यवस्था (-) | १,७७,५३१।९१ | ६५,५३१।३० | २,०५,१६७ |
| *खुद नाफा,विनियम अनुसार वितरण* | *७,१०,१२७।६७* | *७,६२,१२५।२२* | *८,२०,६६७।६८* |
| सदस्यहरुलाई लाभांश वितरण (-) | २,२८,३००।०० | ३,४३,०४१।७१ | ३,४३,०४१।७१ |
| *लाभांश वितरण पछिको आय (कोषमा सारेको) (-)* | *४,८१,८२७।६७* | *४,१९,०८३।५१* | *४,७७,६२५।९७* |

यसै गरी यस संस्थाको आ.व.०७४।०७५ को आर्थिक कारोबारहरुको लेखा परिक्षण प्रतिवेदन र कोषाध्यक्ष, म गोपाल पौड्यालवाट प्रस्तुत वित्तिय प्रतिवेदनमा छलफलद्धारा अनुमोदनको लागी यस गरिमामय सोह्रौ साधारण सभा समक्ष पेश गरेको समेत जानकारी गराउँदछु ॥

धन्यवाद ।

जय सहकारी ।

गोपाल पौड्याल
(कोषाध्यक्ष)
सुनगाभा बचत तथा ऋण सहकारी संस्था ली.
इलाम ।

## आ.ब. ०७४।०७५ को प्रस्तावित,यथार्थ र आ.ब.०७५।०७६ को लागि विनियोजित प्राप्ती तथा भुक्तानी विवरण ।

### प्राप्ती विवरण:

| सि. नं. | प्राप्ती विवरण | गत आ.ब.को प्रस्तावित | यस बर्षको यथार्थ | आगामि वर्षको प्रस्तावित |
|---|---|---|---|---|
| १ | अ.ल्या. बैंक मौज्दात | ७२,१६,६०३।०५ | ७२,१६,६०३।०५ | ८१,४९,८६३।१५ |
| २ | शेयर बिक्री | ३०,००,०००।०० | १८,५५,५००।०० | २५,००,०००।०० |
| ३ | कोष | ५,५०,०००।०० | ४,४०,८७०।०० | ५,२०,०००।०० |
| ४ | बचत | ५,५०,००,०००।०० | ६,११,३४,१६४।९४ | ६,८५,७०,०००।०० |
| ५ | ऋण असूली | २,५०,००,०००।०० | २,९९,९७,८५५।०० | ३,३८,००,०००।०० |
| ६ | ऋणको व्याज | ४२,९२,३५१।४१ | ४४,६४,३८२।०० | ५४,००,०००।०० |
| ७ | रेमीट्यान्स र लगानी आय | ४०,०००।०० | ६०,०१५।०० | ६५,०००।०० |
| ८ | बैक ब्याज | ३,२०,०००।०० | ३,३५,७०२।७० | ३,५०,०००।०० |
| ९ | विविध | ३,२०,०००।०० | ३,५६,७७५।०० | ४,००,०००।०० |
| जम्मा रकम रु. | | ९,५७,३८,९५४।४६ | १०,५८,६१,८६७।६९ | ११,९७,५४,८६३।१५ |



१५ औं बार्षिक साधारण सभामा उत्कृष्ठ बाल बचत सदस्यलाई सम्मान गर्दै अध्यक्ष ।

## भूक्तानि विवरण :

| सि. नं. | भुक्तानि विवरण | गत आ.व.२०७३।०७४ को प्रस्तावित | यस आ.व.२०७४।०७५ को यथार्थ | आगामि आ.व.०७५।०७६ को प्रस्तावित |
|---|---|---|---|---|
| १ | शेयर फिर्ता | १,५०,०००।०० | ५,०२,५००।०० | २,५०,०००।०० |
| २ | वचत फिर्ता | ४,८०,००,०००।०० | ५,४७,४९,६७०।०० | ६,०१,३०,०००।०० |
| ३ | भुक्तानी दिनुपर्ने | ४,२०,०००।०० | २,९,८४४।०० | ४०,०००।०० |
| ४ | लगानी हिसाव | १४,४००।०० | १४,४००।०० | १,१४,४००।०० |
| ५ | ऋण लगानी | ३,३२,००,०००।०० | ३,७९,७९,०००।०० | ४,५१,००,०००।०० |
| ७ | ब्याज छुट खर्च | २,८०,०००।०० | २,८५,१३७।०० | ३,००,०००।०० |
| ८ | विधूत महशूल | ४,०००।०० | २,२५४।०० | ५,०००।०० |
| ९ | तलब भत्ता खर्च | ८,१३,०००।०० | ८,५५,०७२।०० | ९,५१,०७२।०० |
| १० | सरसफाई | ५१,२१६।०० | ४६,५६०।०० | ४५,०००।०० |
| ११ | मसलन्द | १,००,०००।०० | ५४,३३२।०० . | ८०,०००।०० |
| १२ | घरभाडा | ९०,०००।०० | ८६,७१८।६० | ८५,०००।०० |
| १३ | टेलिफोन | ३०,०००।०० | २६,०००।०० | ३०,०००।०० |
| १४ | कार्यालय ब्यबस्थापन | १०,०००।०० | ८,०००।०० | १०,०००।०० |
| १५ | बैठक खर्च | ६५,०००।०० | ३८,२५०।०० | ४५,०००।०० |
| १६ | साधारण सभा खर्च | ५,५०,०००।०० | ४,०३,५८२।०० | ५,५०,०००।०० |
| १७ | अध्ययन अवलोकन भ्रमण | ०।०० | ०।०० | ३००००।०० |
| १८ | कर्मचारी हित कोष | २०,०००।०० | ०।०० | ४०,०००।०० |
| १९ | लेखापरीक्षण खर्च | २५,०००।०० | २५,०००।०० | २५,०००।०० |
| २० | ब्याज खर्च | १७,००,०००।०० | १८,५६,००८।९४ | २२,५०,०००।०० |
| २१ | धितो मुल्यांकन खर्च | १०,०००।०० | १६,२००।०० | २०,०००।०० |
| २२ | कर भुक्तानी गतको | २,००,०००।०० | १,२०,५७३।०० | १,५०,०००।०० |
| २३ | विविध(चिया, नास्ता, भैपरि, अतिथि सत्कार र परामर्श सेवा आदि ।) | १,२०,०००।०० | ९५,१३८।०० | १,१५,०००।०० |
| २५ | कोष खर्च | २,८५,०००।०० | ०।०० | ६७,६११।०० |
| २६ | सुत्केरी पोषण | २०,०००।०० | १६,४००।०० | २५,०००।०० |
| २७ | फर्निचर सामान मर्मत,छपाई तथा सफ्टवयर | ५०,०००।०० | ३६,५२५।०० | १,००,०००।०० |

| सि. नं. | भुक्तानि विवरण | गत आ.व.२०७३।०७४ को प्रस्तावित | यस आ.व.२०७४।०७५ को यथार्थ | आगामि आ.व.०७५।०७६ को प्रस्तावित |
|---|---|---|---|---|
| २८ | ब्याजकर,वहालकर,स ा.सू.कर र पारिश्रमिक कर | १,००,०००।०० | ९१,५४०।०० | १,२०,०००।०० |
| २९ | सदस्यलाई लाभांस वितरण | २,२८,३००।०० | २,२८,३००।०० | ३,४३,०४१।७१ |
| ३० | अग्रिम आय कर दाखिला | १,१०,०००।०० | १,००,०००।०० | १,२०,०००।०० |
| ३१ | पाउनु पर्ने | ६,१७,५९७।०२ | ०।०० | ०।०० |
| ३२ | सहकारि शिक्षा तथा तालिम | २०,०००।०० | ०।०० | २०,०००।०० |
| ३३ | आयआर्जको तालिम तथा गोष्टि | ३०,०००।०० | ०।०० | ३०,०००।०० |
| ३४ | छलफल तथा समिक्षा,सदस्यसंग | १०,०००।०० | ०।०० | १०,०००।०० |
| ३५ | उत्कृष्ट शिक्षा सम्मान | २०,०००।०० | १५,०००।०० | २०,०००।०० |
| ३६ | सम्मान कार्यक्रम सदस्य र कर्मचारी | ३०,०००।०० | ३०,०००।०० | ४०,०००।०० |
| बांकी मौज्दात | | ८३,६५,४४१।४४ | ८१,४९,८६३।१५ | ८४,९३,७३८।४४ |
| जम्मा रकम रु. | | ९,५७,३८,९५४।४६ | १०,५८,६१,८६७।६९ | ११,९७,५४,८६३।१५ |



१५ औं बार्षिक सभामा प्रमुख अतिथी इ.न.पा.का प्रमुखद्वारा शुभकामना मन्तब्य ब्यक्त गर्दै ।


## संस्थाको हाल सम्मको स्थिर सम्पत्तिको विवरणहरुः
आ.ब. २०७४/०७५

| सि.नं. | सामानको नाम | गत सम्मको ह्रास योग्य सम्पत्ति | दर | संख्या | यस बर्षको ह्रास कट्टी | जम्मा ह्रास कट्टी | यस वर्षको मुल्य रु. |
|---|---|---|---|---|---|---|---|
| १ | स्टिल दराज | १०३४.६० | २५% | १ | २५८.६५ | ५१२४.०५ | ७७५.९५ |
| २ | स्टिल टेवल | १२८२९.४४ | २५% | ३ | ३२०७.३६ | १०३२८.९२ | ९६२२.०८ |
| ३ | प्लास्टिक कुर्सी | ११८३.०२ | २५% | १५ | २९५.७६ | ८३१२.७४ | ८८७.२७ |
| ४ | क्यालकुलेटर | ११.५२ | २५% | ५ | २.८८ | ९६.३७ | ८.६४ |
| ५ | कम्प्युटर | ५१०९१.३६ | २५% | २ | १२७७२.८४ | ४२१७१.४८ | ३८३१८.५२ |
| ६ | प्रिण्टर | १८३३.१८ | २५% | १ | ४५८.३० | ८९२५.१२ | १३७४.८९ |
| ७ | कम्प्युटर टेवल | ६५२.५८ | २५% | १ | १६३.१५ | २२६०.५७ | ४८९.४४ |
| ८ | ह्वील चियर | ९७२९.४९ | २५% | ६ | २४३२.३७ | १९७०२.८८ | ७२९७.१२ |
| ९ | ह्वाईट बोर्ड | २३७.३० | २५% | १ | ५९.३३ | ८२२.०३ | १७७.९८ |
| १० | काउण्टर डेक्स | १६४४९.७५ | २५% | १ | ४११२.४४ | २६६५४.६९ | १२३३७.३१ |
| ११ | फोटोकपी | ७८०४.६९ | २५% | १ | १९५१.१७ | १२६४६.४८ | ५८५३.५२ |
| १२ | सोफासेट | ६५३९.०६ | २५% | १ | १६३४.७७ | १०५९५.७१ | ४९०४.३० |
| १३ | स्टेप लाईजर | ९४९.२२ | २५% | १ | २३७.३१ | १५३८.०९ | ७११.९२ |
| १४ | सुझाव पेटिका | ८४७.५० | २५% | १ | २११.८८ | ४९४.३८ | ६३५.६३ |
| १५ | पिन बोर्ड | २६२५.०० | २५% | १ | ६५६.२५ | १५३१.२५ | १९६८.७५ |
| १६ | ल्याप टप | ६००००.०० | २५% | १ | १५०००.०० | १५०००.०० | ४५०००.०० |
| १७ | स्टेण्ड फेन | २६८०.०० | २५% | १ | ६७०.०० | ६७०.०० | २०१०.०० |
| | जम्मा | १७६४९७.७१ | | | ४४१२४.४३ | १६६८७४.७३ | १३२३७३.२८ |


**समाप्त ।**

**जय सहकारी ॥**


# अनुसूचीहरु



शेयर पूजीको अवस्था आ.व.०७४।०७५
यस बर्ष थप
फिर्ता
बाँकी
१५%
रू.१८,५५,५००
४%
रू. ५,०२,५००
८१%
रू.१,०३,९२,१००

क.कोष हिसाब तथा नाफा
क. ऋण जोखिम कोष
रु.८,१७,६६३
ख. घरजग्गा कोष
रु.८,२१,०८८
ग. सदस्य राहत कोष
रु. ३,५०,०९०
1000000.00
800000.00
600000.00
400000.00
200000.00
0.00
यस बर्ष थप
बाँकी जम्मा कोष






पन्धौ साधारण सभामा उपस्थित कार्य समिति तथा लेखा समिति ।



पन्धौ साधारण सभामा ज्येष्ठ सदस्यहरुलाई माल्यार्पण गर्दै अध्यक्ष



पन्धौ साधारण सभामा उपष्थित शेयर सदस्यहरु



पन्धौ साधारण सभामा विभिन्न विधामा सम्मानित शेयरसदस्यहरु




पन्धौ साधारण सभामा उत्कृष्ठ कर्मचारीलाई सम्मान गर्दै संस्थाका अध्यक्ष

# सोह्रौं बार्षिक साधारण सभामा लेखा समितिको तर्फबाट प्रस्तुत गरिएको प्रतिवेदन

## २०७५ मंसिर २९



सभाका अध्यक्ष ज्यू,अतिथिज्यूहरु,संचालक समितिका पदाधिकारी तथा सदस्य ज्यूहरु ,यस साधारण सभामा उपस्थित हुनु भएका शेयर सदस्य महानुभावहरु,लगायत सम्पुर्ण उपस्थित मित्रहरुमा संस्थाको तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।

**आदरणीय शेयर सदस्यज्यूहरु,**

म यस सोह्रौं बार्षिक साधारण सभामा यस संस्थाले आ.व.०७४।०७५ मा गरेको क्रियाकलापहरु संक्षेपमा राख्न चाहान्छु ।

सहकारी संस्थाको नाम, ठेगाना:सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि. इलाम ।

१ अघिल्लो साधारण सभाको निर्णयहरुको कार्यान्वयनको अवस्था :

- गत सालको साधारण सभामा प्राप्त भएका सल्लाह,सुझाव तथा निर्णयहरु लाई आधार मानी सो अनुरुप संस्थाले काम गरेको पाइन्छ ।

२ आ.व. ०७४।०७५ मा बसेको बैठक संख्या निर्णयहरु र निर्णयहरुको कार्यान्वयनको अवस्था : बैठक १०. वटा भएको पाईयो । निर्णय भएका कुराहरु प्राय कार्यान्वयन भएको नै पाईन्छ ।

३ ऋण लगानीको प्रकृया ,ऋण बापतको सुरक्षण वा धितो सम्वन्धी व्यवस्था :

- धितोमुल्याङ्कन समिति र ऋण उप समितिको सिफारिस,सदस्यको कारोवार को आधार मा कार्य समितिबाट निर्णय भए पछि धितो रोक्का या सदस्यको बचत जमानीमा मात्र ऋण लगानी भएको देखिन्छ ।

४ सहकारी बिभागबाट जारी गरिएका मापदण्डहरुको पालना सम्बन्धी संक्षिप्त बिवरण :

- सहकारी बिभागबाट जारी भएको सहकारी मापदण्डको परिधीमा रहेर काम कारबाही भएको छ ।

५ सहकारी कार्यालय,बिभाग वा सम्बन्धित संघले अनुगमन गरी दिएको प्रतिवेदन अनुसारका निर्देशन,सुझावहरु कार्यान्वयन सम्बन्धी बिवरणहरु :

- क्रमिक रुपमा कार्यान्वयन हुदै आएको छ । समग्र रुपमा हेर्दा कार्यान्वयन पक्ष सवल नै देखिन्छ ।

६ पदाधिकारीहरुको पारिश्रमीक,भत्ता र अन्य सुबिधाहरुको विवरण :

६.१ पारिश्रमीक : नलिएको

६.२ भत्ता : सबै पदाधिकारी र सदस्यहरुले समान रुपमा बैठक भत्ता नियमानुसार TDS कट्टा गरि लिने गरेको पाईयो ।

६.३ अन्य सुबिधाहरु : पदाधिकारीहरुले बैठक भत्ता बाहेक अरु कुनै पनि सुबिधा नलिएको ।

७ कर्मचारी प्रशासन सम्बन्धी ब्यवस्थाहरु :

७.१ साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धी नियमावली भएनभएको :

- पारित भई लागू भएको पाइयो ।

७.२ कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको । नल्याईएको : प्रयोगमा ल्याइ लागु गरिएको ।

७.३ भर्ना प्रकृया पारदर्शीता र प्रतिस्पर्धी भएको । नभएको : भएको

७.४ कार्यरत कर्मचारीहरु र कार्यबोझ बीच तादम्यता रहेको । नरहेको : रहेको छ

७.५ व्यवस्थापन प्रमुखको योग्यता र क्षमता सम्बन्धी बिवरण : व्यवस्थापक कार्यबोझ अनुसार कार्यगर्न सक्षम रहेको देखिन्छ ।

७.६ कर्मचारीहरुको भर्ना प्रकृया र संख्या : ४

- ३ स्थायी १ अस्थायी

८ लेखा समितिले यस अघि दिएका प्रतिवेदन बमोजिमका सुझावहरुको कार्यान्वयनको अवस्था :

- कार्यान्वयन भएको देखिन्छ ।

९ लेखा समितिले उल्लेख गर्न चाहेका अन्य बिवरणहरु :

- संचालक समितिको बैठक नियमित रुपमा बसी ऋण लगानी सुरक्षण गर्न धितो अनुसार लगानी गर्नुपर्ने ।

१० लेखा समितिको सुझावहरु :

- बिभिन्न प्रकारका सहकारी सुचना मुलक तालिमहरु संचालन गरि सदस्यहरुको क्षमता अभिबृद्धि गर्नुपर्ने ।
- लगानीका नयाँ क्षेत्रहरु पहिचान गरी संचालनमा ल्याउनु पर्ने ।
- ऋण सदुपयोगिता अनुगमन गरिनुपर्ने ।
- लगानी गरिएको केंहि ऋण भाका नाघी असुली हुन नसकेको हुदाँ उक्त ऋण असुलीको लागि आवश्यक प्रकृया अगाडी बढाउनु पर्ने ।

**धन्यवाद**

**जय सहकारी**

लेखा समिति संयोजक : गणेश अधिकारी
सदस्य : टिकाराम बराल
सदस्य : हरिकेश शर्मा

श्री अध्यक्ष ज्यू,
सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.
ईलाम न.पा.-७, इलाम ।

मिति २०७५।६।२१ गतेको नियुक्ति पत्रानुसार हामीले सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि. ईलाम न.पा.-७, इलामको वित्तीय विवरण जसले २०७५ आषाढ मसान्त सम्मको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्ष ०७४/०७५ को प्राप्ती भुक्तानी बिबरण, आय विवरण, नगद प्रवाह विवरण ईक्वीटीमा भएको परिबर्तन सम्बन्धि बिबरण र प्रमुख लेखानीति तथा लेखाटिप्पणी समावेश गर्दछ, को लेखापरिक्षण सम्पन्न गरेका छौं ।

प्रचलित कानून तथा नेपाल लेखामान बमोजिम वित्तीय विवरणको तयारी र यथार्थ प्रस्तुतिकरण गर्नु सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.ईलाम न.पा.-७,, इलामको व्यवस्थापनको उत्तरदायित्व हो । यस उत्तरदायित्व अन्तर्गत वित्तीय विवरण गलत आंकडा, जालसाजी वा त्रुटीका कारण, रहित छ भनि तयारी र प्रस्तुतीकरण गर्ने कार्यसँग सम्वन्धित आन्तरिक नियन्त्रण प्रणालिको तर्जुमा गर्ने, लागु गर्ने, अधावधिक बनाई राख्ने, उपयुक्त लेखा नीतिको छनौट गर्ने र लागु गर्ने तथा तत्कालीन अवस्थामा उपर्युक्त लेखा अनुमानहरु गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरणहरु उपर लेखा परिक्षणको आधारमा आफ्नो राय जारी गर्नु हाम्रो उत्तरदायित्व हो । प्रचलित नियम कानून र नेपाल लेखापरिक्षणमानको आधारमा लेखापरिक्षण सम्पन्न गर्नु पर्दछ । यी लेखापरिक्षणमानहरु बमोजिम वित्तीय विवरणहरु गलत आंकडा रहित छ भनि विश्वस्त हुन लेखापरिक्षकले नैतिक मूल्य मान्यताको पालना गर्नु पर्दछ र सो बमोजिम लेखापरिक्षण योजना तयार गरी लेखापरिक्षण गर्नु पर्दछ ।

वित्तीय विवरणमा उल्लेखित रकम र खुलाईएका अन्य विवरणलाई पुष्ट्याईं गर्ने प्रमाणको नमूना (छड्के) परिक्षण समेत लेखापरिक्षणमा समावेश हुन्छ । संस्थाले अवलम्वन गरेको लेखानीति व्यवस्थापनले गरेको महत्वपूर्ण अनुमान एवम् वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मूल्याङ्कन पनि लेखापरिक्षणमा समावेश हुन्छ । लेखा परिक्षणले हाम्रो रायलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

हाम्रो विचारमा उल्लेखित वित्तीय विवरणहरुले २०७५ आषाढ मसान्त सम्मको वित्तीय स्थिती, सो मितिमा समाप्त भएको आर्थिक कारोबारको नतिजा र नगद प्रवाहको नेपाल लेखामान र प्रचलित ऐन नियम बमोमिज सहि र यथार्थ चित्रण गर्दछ ।

मिति- २०७५।०६।२९
स्थान- ईलाम न.पा.-७,

सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.

**ईलाम न.पा.-७,, इलाम**

आ.ब. २०७४/०७५ को

आर्थिक कारोबारको संक्षिप्त टिप्पणी

**लेखा सम्बन्धि महत्वपूर्ण नितिहरु**

**सामान्य जानकारी**

१ सुनगाभा बचत तथा ऋण सहकारी संस्था सहकारी ऐन २०४८ बमोजिम नेपालमा स्थापना भएको सहकारी संस्था हो । यस संस्थाको मुख्य कार्यालय ईलाम न.पा.-७, ईलाममा रहेको छ । यस संस्थाले आफ्ना सदस्यहरु माफ्र कारोबार गर्दै आएको छ । डिभिजन सहकारी कार्यालयाट बचत तथा ऋण संचालन गर्ने गरी मिति ०५२।९।१८ गते स्वीकृती प्राप्त गरी आफ्नो कारोबार सञ्चालन गरेको छ ।

१.१ यस संस्थाको कार्यक्षेत्रमा ईलाम नगरपालीकाका सबै वडाहरु रहेको छ ।

१.२ संस्थाको बिनियम मिति ०६९।४।९, ०७१।३।१२ र ०७२।२।५ मा संसोधन भएको छ ।

१.३ संस्थामा बर्तमान शेयर सदस्य, संचालक समिति, लेखासमिति र कर्मचारी निम्न बमोजिम रहेको छ ।

| सि.नं. | बिबरण | महिला | पुरुष | जम्मा | दलित | जनजाती | अन्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | शेयर सदस्य | ३९२ | ३६४ | ७५६ | ५२ | २४६ | ४५८ | २ संस्था |
| २ | सञ्चालक समिति | ३ | ८ | ११ | ० | २ | ७ | |
| ३ | लेखा समिति | ० | ३ | ३ | ० | ० | ३ | |
| ४ | कर्मचारी | २ | २ | ४ | ० | १ | ३ | अस्थायी |

१.४ चालु बर्षमा जगेडाकोष खर्च नभएको ।

१.५ कुनै प्रकारको बीमा नभएको ।

१.६ संस्थाबाट कुनै पनि प्रकारको उद्योग संञ्चालन नभएको ।

१.७ चालु बर्षमा कुनै अनुदान प्राप्त नभएको ।

१.८ पुरस्कार तथा सम्मान प्राप्त नगरेको ।

**खनाल चुडामणी एसोसिएट्स**

**रजिष्टर्ड अडिटर** (R.A.)

मोबाइल नं. :- ९८४२६३५९४०

इ.न.पा.९, इलाम

पान नं.:- ३०११९५५३१

ICAN सदस्यता नं.:- ५८७७ फर्म नं. ३४०२

पेशागत प्रमाण-पत्र नं.:- १५३४ 'घ'

सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.
ईलाम न.पा.-७, ईलाम

# वासलात

३२ आषाढ २०७५

पूजी तथा दायीत्व

| सि.नं. | बिवरण | अनुसूची | गत आ.ब. को | यस आ.ब. को |
|---|---|---|---|---|
| १ | शेयर पूजी | १ | ९,०३९,९००.०० | १०,३९२,९००.०० |
| २ | जगेडा कोष | २ | ४९५,९९४.८४ | ६८६,५२६.१५ |
| ३ | अन्य कोष खाता | ३ | १,९२८,६१३.२६ | २,७१२,७७७.१८ |
| ४ | बचत (निक्षेप) दायीत्व | ४ | २६,६७७,२८६.६७ | ३३,०८१,७८१.६१ |
| ५ | तिर्न बाँकी ऋण तथा कर्जा सापटी | ५ | ०.०० | ०.०० |
| ६ | भुक्तानी दिनु पर्ने हिसाब | ६ | ०.०० | ०.०० |
| ७ | आयकर ब्यबस्था | ७ | ०.०० | ६५,५३१.३० |
| ८ | अन्य दायीत्व तथा ब्यबस्था | ८ | २१,७११.०१ | २०८,६७०.२२ |
| | जम्मा | | ३८,१६३,५०५.७८ | ४७,१४८,१८६.४५ |

सम्पत्ति तथा मौज्जात

| सि.नं. | बिवरण | अनुसूची | गत आ.ब. को | यस आ.ब. को |
|---|---|---|---|---|
| १ | नगद मौज्जात | ९ | २८७,५३१.४० | ८०१,५०४.७७ |
| २ | बैंक मौज्जात | १० | ६,९२९,०७१.६५ | ७,३४८,३५८.३८ |
| ३ | सहकारी बैंक तथा संघमा लगानी | ११ | २१०,५४५.०० | २२४,९४५.०० |
| ४ | सदस्यहरू संग बाँकी ऋण | १२ | २९,९४२,२६३.०० | ३७,९२३,४०८.०० |
| ५ | पाँउनु पर्ने हिसाब | १३ | ०.०० | ०.०० |
| ६ | पेश्की सापटी तथा धरौटी | १४ | ६१७,५९७.०२ | ७१७,५९७.०२ |
| ७ | अन्तिम सामग्री मौज्जात | १५ | ०.०० | ०.०० |
| ८ | स्थिर सम्पत्ति | १६ | १७६,४९७.७१ | १३२,३७३.२८ |
| | जम्मा | | ३८,१६३,५०५.७८ | ४७,१४८,१८६.४५ |

| | | | | |
|---|---|---|---|---|
| भुवन सुबेदी<br>ब्यबस्थापक | गोपाल पौडेल<br>कोषाध्यक्ष | नरेन्द्र खड्का<br>सचिव | ईश्वर कुमार सुबेदी<br>अध्यक्ष | लेखापरीक्षक |

# सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.

इलाम न.पा.-७, इलाम

आ.व. २०७४/०७५

## आय– बिबरण

| सि.नं. | बिबरण | गत आ.व. को | यस आ.व.को |
|---|---|---|---|
| १ | **आम्दानी** | | |
| | ऋण लगानीको ब्याज | ३,६०६,३९३.०० | ४,४६४,३८२.०० |
| | बैंक ब्याज | २०४,१४६.७८ | ३३५,७०२.७० |
| | कमिसन रेमिट्यान्स | २७,७१६.९० | ५५,४१२.०० |
| | बिबिध आय | २६७,८८९.०० | ३५६,७७५.०० |
| | लगानीबाट प्राप्त ब्याज | | ४,६०३.०० |
| | जम्मा | ४,१०६,१४५.६८ | ५,२१६,८७४.७० |
| २ | **संचालन तथा अन्य खर्च** | | |
| | बिबिध खर्च | ११३,९३०.०० | १०५,१३८.०० |
| | मसलन्द खर्च | ७५,००५.०० | ७४,३३२.०० |
| | तलब भत्ता खर्च | ७१३,०००.०० | ८६३,६००.०० |
| | | | |
| | टेलिफोन नेट खर्च | २६,३००.०० | २६,०००.०० |
| | घरभाडा | ८२,९४४.०० | ९६,३५४.०० |
| | सरसफाई खर्च | ४६,५६०.०० | ४६,५६०.०० |
| | साधारण सभा | ४४४,४४०.०० | ४४७,८८०.०० |
| | बैठक भत्ता | ४४०७५.०० | ४५०००.०० |
| | धितो मुल्याङ्कन | ८४००.०० | १६२००.०० |
| | सुत्केरी पोषण | २४००.०० | १६४००.०० |
| | बिधूत खर्च | ३२८४.०० | २२५४.०० |
| | लो. प. शुल्क | २५०००.०० | २५०००.०० |
| | मर्मत खर्च | ०.०० | १०४००.०० |
| | छपाई खर्च | ०.०० | २६१२५.०० |
| | ब्याज छुट खर्च | २००९०२.०० | २८५१३७.०० |
| | कार्यालय ब्यबस्थापन | ८०००.०० | ८०००.०० |
| | सम्मान तथा पुरस्कार | ०.०० | ४५०००.०० |

| सि.नं. | बिबरण | गत आ.ब. को | यस आ.ब.को |
|---|---|---|---|
| | बिभिन्न शिर्षक कर गत आ.ब. | ८८१९९.०० | १२०५७३.०० |
| | कर्मचारी हित कोष | १००००.०० | २००००.०० |
| | गतको कर ब्यवस्था र ब्याजकर डेबिट रकम समायोजन | ०.०० | १०९३४५.९९ |
| | ह्रास खर्च | १८,४६४.२४ | ४४,१२४.४३ |
| | जम्मा | १,११०,९०३.२४ | २,४३३,४२३.४२ |
| ५ | कर ब्यबस्था तथा ब्याज खर्च अघिको आय | २,१९५,२४२.४४ | २,७८३,४५१.२८ |
| ६ | ब्याज खर्च(चालु +ऋण) | १,५६०,८३८.६६ | १,९५५,७९४.७६ |
| ७ | ब्याज खर्च पछिको नाफा | ६३४,४०३.७८ | ८२७,६५६.५२ |
| ८ | आयकर ब्यबस्था | - | ६५,५३१.३० |
| ९ | खुद नाफा कोषमा जाने | ६३४,४०३.७८ | ७६२,१२५.२२ |

भुवन सुबेदी
ब्यवस्थापक

गोपाल पौडेल
कोषाध्यक्ष

नरेन्द्र खड्का
सचिव

ईश्वर कुमार सुबेदी
अध्यक्ष

लेखापरीक्षक

# सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.

ईलाम न.पा.-७, ईलाम

## आ.ब. २०७४/०७५

## नगद प्रबाह बिबरण

| सि.नं. | बिबरण | गत आ.ब. को | यस आ.ब.को |
|---|---|---|---|
| १ | संचालन गतिविधिबाट भएको नगद प्रबाह | | |
| | क.संचालन बचतबाट प्राप्त | | ७६२,१२५.२२ |
| | ख. आयकर ब्यबस्था | | ६५,५३१.३० |
| | ख.चालु दायीत्वमा भएको बृद्धि / कमी | | १८६,९५९.२१ |
| | ग. ह्रास खर्च | | ४४,१२४.४३ |
| | जम्मा | - | १,०५८,७४०.१६ |

| सि.नं. | बिबरण | गत आ.ब. को | यस आ.ब.को |
|---|---|---|---|
| २ | लगानी कारोबारबाट भएको नगद प्रबाह | | |
| | क. स्थिर सम्पत्ति खरिद | | - |
| | ख. पाँउनुपर्ने हिसाबमा भएको बृद्धि/कमी | - | - |
| | ग. ऋण लगानीमा भएको बृद्धि | | ७,९८१,१४५.०० |
| | घ. अन्य लगानीमा भएको बृद्धि/कमी | | १४,४००.०० |
| | ङ. अग्रीम भुक्तानी पेश्की सापटी तथा धरौटीमा भएको बृद्धि/कमी | | १००,०००.०० |
| | च. कोष खर्च | | २२८,३००.०० |
| | जम्मा | - | ८,३२३,८४५.०० |
| ३ | बित्तिय कारोबारबाट भएको नगद प्रबाह | | |
| | क. शेयर रकममा भएको बृद्धि/कमी | | १,३५३,०००.०० |
| | ख. बचत(निक्षेप) मा भएको बृद्धि/कमी | | ६,४०४,४९४.९४ |
| | ग. प्राप्त ऋण रकममा भएको बृद्धि/कमी | | - |
| | घ. कोष प्राप्त | | ४४०,८७०.०० |
| | जम्मा | - | ८,१९८,३६४.९४ |
| ४ | **यस अबधिमा खुद नगद बृद्धि/कमी (१-२+३)** | - | ९३३,२६०.१० |
| ५ | **बर्षारम्भको बैंक तथा नगद मौज्जात** | | ७,२१६,६०३.०५ |
| ६ | **बर्षान्तको बैंक तथा नगद मौज्जात** | - | ८,१४९,८६३.१५ |

भुवन सुबेदी
ब्यबस्थापक

गोपाल पौडेल
कोषाध्यक्ष

नरेन्द्र खड्का
सचिब

ईश्वर कुमार सुबेदी
अध्यक्ष

लेखापरीक्षक

सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.
इलाम न.पा.-७, ईलाम

# प्राप्ती तथा भुक्तानी बिबरण

आ.ब. २०७४/०७५

| सि. नं. | प्राप्ती बिबरण | रकम गत आ.ब. को | रकम यस आ.ब. को | सि. नं. | भुक्तानी बिबरण | रकम गत आ.ब. को | रकम यस आ.ब. को |
|---|---|---|---|---|---|---|---|
| १ | गतको अ.ल्या. नगद | ९३,७८०.६१ | २८७,५३१.४० | १ | बचत फिर्ता | ४४,५३२,८९८.०० | ५४,७४९,६७०.०० |
| २ | गतको अ.ल्या. बैंक | ५,९८२,०७५.७७ | ६,९२९,०७१.६५ | २ | शेयर फिर्ता | १५१,०००.०० | ५०२,५००.०० |
| ३ | शेयर बिक्री | २,७२६,८००.०० | १,८५५,५००.०० | ३ | ऋण लगानी | २६,१८७,६००.०० | ३७,९७९,०००.०० |
| ४ | बचत संकलन | ४८,०२३,३६४.२६ | ६१,१३४,१६४.९४ | ४ | बिबिध खर्च | ११३,९३०.०० | ९५,१३८.०० |
| ५ | ऋण असुली | २०,९७२,२४०.०० | २९,९९७,८५५.०० | ५ | मसलन्द खर्च | ७५,००५.०० | ५४,३३२.०० |
| ६ | ऋण लगानीको ब्याज | ३,६०६,३९३.०० | ४,४६४,३८२.०० | ६ | तलब/भत्ता भुक्तानी | ७२३,०००.०० | ८५५,०७२.०० |
| ७ | बैंक ब्याज | २०४,१४६.७८ | ३३५,७०२.७० | ७ | टेलिफोन नेट खर्च | २६,३००.०० | २६,०००.०० |
| ८ | कमिसन रेमिट्यान्स | २७,७१६.९० | ५५,४१२.०० | ८ | घरभाडा | ८२,९४४.०० | ८६,७१८.६० |
| ९ | बिबिध आय | २६७,८८९.०० | ३५६,७७५.०० | ९ | सरसफाई खर्च | ४६,५६०.०० | ४६,५६०.०० |
| १० | लगानी फिर्ता | ५०,०००.०० | - | १० | साधारण सभा | ४४४,४४०.०० | ४०३,५८२.०० |
| ११ | लगानीबाट प्राप्त ब्याज | - | ४,६०३.०० | ११ | बैठक भत्ता | ४४,०७५.०० | ३८,२५०.०० |
| १२ | कोष प्राप्त | ३२५,४७६.०० | ४४०,८७०.०० | १२ | धितो मुल्याङ्कन | ८,४००.०० | १६,२००.०० |
| १३ | भुक्तानी दिनु पर्ने | २९४,२६५.४१ | | १३ | सुत्केरी पोषण | २,४००.०० | १६,४००.०० |
| | | | | १४ | बिधुत खर्च | ३,२८४.०० | २,२५४.०० |
| | | | | १५ | मर्मत खर्च | - | १०,४००.०० |
| | | | | १६ | छपाई खर्च | - | २६,१२५.०० |
| | | | | १७ | ब्याज छुट खर्च | २००,९०२.०० | २८५,१३७.०० |
| | | | | १८ | ब्याज भुक्तानी | १,५६०,८३८.६६ | १,८५६,००८.९४ |
| | | | | १९ | कोष खर्च | | २२८,३००.०० |
| | | | | २० | कर भुक्तानी गत | १३७,८९६.०० | १२०,५७३.०० |
| | | | | २१ | ले.प. शुल्क | २५,०००.०० | ५,०००.०० |
| | | | | २२ | बचत लगानी | १४,४००.०० | १४,४००.०० |
| | | | | २३ | भुक्तानी दिनु पर्ने दिएको | ८३,४४६.०० | - |

| सि. नं. | प्राप्ती विवरण | रकम | | सि. नं. | भुक्तानी बिबरण | रकम | |
|---|---|---|---|---|---|---|---|
| | | गत आ.ब. को | यस आ.ब. को | | | गत आ.ब. को | यस आ.ब. को |
| | | | | २४ | फर्निचर सामान | १०९,४३०.०० | – |
| | | | | २५ | पाँउनु पर्ने | ६१७,५९७.०२ | – |
| | | | | २६ | कर चालु आ.ब. | – | ९१,५४०.०० |
| | | | | २७ | अन्य दायीत्व बचत | – | २९,८४४.०० |
| | | | | २८ | आयकर अग्रीम किस्ता | १५८,१९९.०० | १००,०००.०० |
| | | | | २९ | कार्यालय व्यवस्थापन | ८,०००.०० | ८,०००.०० |
| | | | | ३० | सम्मान तथा पुरस्कार | – | ४५,०००.०० |
| | | | | ३१ | नगद मौज्जात | २८७,५३१.४० | ८०१,५०४.७७ |
| | | | | ३२ | बैंक मौज्जात | ६,९२९,०७१.६५ | ७,३४८,३५८.३८ |
| | जम्मा | ८२,५७४,१४७.७३ | १०५,८६१,८६७.६९ | | जम्मा | ८२,५७४,१४७.७३ | १०५,८६१,८६७.६९ |

नियमित बचत गर्ने बानी बसालौ दर्ता नं ०५२।०५३ (३०)

# सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि.इलाम

## संस्थागत बडापत्र २०७३

| क्र.सं. | कार्यक्रम | पेश गर्नुपर्ने आवश्यक कागजातहरु | लाग्ने समय अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | **सदस्यता सम्बन्धि व्यवस्था**<br>१६ बर्ष उमेर पुगी ५० बर्ष ननाघेको व्यक्ति<br>संस्थाको कार्य क्षेत्र भित्र बसोबास गरेको व्यक्ति<br>कम्तीमा ५ थान शेयर खरिद गरेको व्यक्ति<br>संस्थाको बिनियम,निर्देशीकाको पालना गर्ने व्यक्ति । | सदस्यता आबेदन फाराम भर्नुपर्ने<br>नागरिकताको फोटोकपि १. प्रति<br>पास फोटो सदस्य बन्ने व्यक्तिको १ प्रति र इच्छाएको व्यक्तिको १ प्रति फोटो<br>प्रवेश शुल्क रु ५००।<br>सदस्य राहत बापत रु १००। | संचालक समितिको बैठकले निर्णय गरे पश्चात तुरुन्त सदस्यता दिईने छ । तर बाल बचतको लागि भने फाराम भरि कागजातहरु पुरा गरेकै दिन देखि बचत गर्न सकिने छ । | |
| २ | **बचतका प्रकारहरु र दिईने ब्याजदर**<br>मासिक बचत ब्याज दर ९ प्रतिशत<br>दैनिक बचत ब्याज दर ७ प्रतिशत<br>जेष्ठ नागरिक बचत ब्याज दर १० प्रतिशत<br>बाल बचत ब्याज दर (उमेर अनुसार १० देखि १३ प्रतिशत )<br>ऐच्छिक बचत ब्याज दर ७ प्रतिशत<br>आबधिक बचत ब्याज दर ( समय अबधी अनुसार ९ प्रतिशत देखि १०.५० प्रतिशत सम्म) | मासिक,जेष्ठ नागरिक बचत ,आबधिक ,ऐच्छिकबचत मासिक,अग्रीम,त्रैमासिक रुपमा संस्थामा नै आएर बचत जम्मा गर्नु पर्ने तर दैनिक,बाल बचत रकम संकलन गर्न आउने संकलक मार्फत जम्मा गर्न सकिने छ । | तुरुन्तै | |
| ३ | बचत फिर्ता | सामान्यतया बचत फिर्ता सदस्य भएको ६ महिना पछि मात्र बचत फिर्ता दिईने छ । त्यस पछि ३।३ महिनामा बचत रकमको ९० प्रतिशत सम्म फिर्ता दिईने छ । बचत फिर्ता | संस्थागत प्रकृया पुरा गरी तुरुन्तै ( ५देखि १०) | |

| क.सं. | कार्यक्रम | पेश गर्नुपर्ने आवश्यक कागजातहरु | लाग्ने समय अवधि | कैफियत |
|---|---|---|---|---|
| | | लिन आउदा सदस्य स्वयंले पासबुक अनिबार्य लिई आउनु पर्नेछ यदि सदस्य आउन नसकेमा संस्थामा अग्रिम जानकारी गराउनु पर्नेछ । | मिनेट भित्र | |
| ४ | **ऋण लगानी प्रकृया**<br>धितो रोक्को ( अवधी २ बर्ष )<br>सदस्य जमानी ( ६ महिना )<br>धितो मुल्याँकनको ६० प्रतिशत सम्म ऋण लगानी गरिने । | **धितो रोक्का बाट ऋण लिदा**<br>ऋण फाराम भर्ने<br>धनीपुर्जाको फोटोकपी १ प्रति<br>चार किल्ला प्रमाणित इ.न.पा.कार्यालयबाट १ प्रति<br>एकिकृत सम्पत्ति कर तिरेको रसिद को प्रतिलिपी १<br>नापीको नक्साको प्रतिलिपी १<br>मन्जुरीनामा ( आफ्नो धितो नभएमा मात्र )<br>नेपाली कागजमा दायाँ बायाँ ल्याप्चे सहिछाप सहित दाँया बाँया साक्षी किनारा<br>नागरिकताको प्रतिलिपी | कागजात पेश गरेको आधारमा प्राथमिकीकरण गरि धितो मुल्याँकन गरि सोको आधारमा मालपोत कार्यालयमा दृष्टिबन्धक रोक्का गराई सो को जानकारी पत्र प्राप्त भए पश्चात ऋण लगानी गरिने छ । | |
| ५ | **सदस्य जमानी बाट ऋण लगानी** | ऋण फाराम भरि कति ऋण लिने हो सोही अनुसारको सदस्यहरुलाई जमानीमा सही गराई फाराम बुझाउनु पर्ने र सो को आधारमा जमानी दिने सदस्यहरुलाइ आवश्यक सोधपुछ गरि ऋण लगानी गरिने छ । | कागजातको अध्ययन गरि संस्थागत तरलता र प्राथमिकताको आधारमा लगानी गर्ने | |
| ६ | **संस्थाद्वारा प्रदान गरिदै आएको अन्य सेवा सुविधाहरु**<br>रेमिट्यान्स सेवा प्रभु ,IME<br>मोबाईल रिचार्ज , लेण्ड लाईन टेलिफोन बिल भुक्तानी,डिस्क होम रिचार्ज सेवा | रेमिट्यान्स अन्तर्गत पैसा झिक्नु परेमा रकम प्राप्त गर्नेब्यक्तिको नागरिकताको प्रतिलिपी बुझाउनु पर्ने ।<br>पैसा पठाउनु पर्ने भएमा कति रकम कसलाई कुन ठाउँमा पठाउनु पर्ने हो सो को सहि बिवरण भर्नुपर्ने ।<br>अन्य रिचार्जको लागि लाग्ने रकम जम्मा गर्नुपर्ने | आवश्यक प्रकृया पुरा गरि तुरुन्तै | |
| ७ | | बार्षिक एकमुष्ठ रु १००। | मृतक | |

| क्र.सं. | कार्यक्रम | पेश गर्नुपर्ने आवश्यक कागजातहरु | लाग्ने समय अवधि | कैफियत |
|---|---|---|---|---|
| ६ | सदस्य राहात कार्यक्रम | जम्मा गर्नुपर्ने । मृत्युदर्ताको प्रमाण पत्रको फोटोकपी १ प्रति | सदस्यको परिवारमा गएर राहात स्वरुप रु २०,०००। नगद दिईने । | |
| ८ | सुत्केरी पोषण कार्यक्रम | आवेदन पेश गर्नुपर्ने<br>सुत्केरी भए पश्चात नानीको जन्मदर्ता प्रमाण पत्रको फोटोकपी सहित बाल बचत सदस्यता प्राप्त गरे पश्चात । २ जना बच्चा सम्मको लागि मात्र । | कागजातलाई अध्ययन गरि तुरुन्तै | |
| ९ | ऐच्छिक ऋण बिमा कार्यक्रम | नागरिकताको फोटोकपी १<br>बिमाको फाराम भर्नुपर्ने<br>बिमा शुल्क बुझाउनु पर्ने<br>तमसुकको प्रतिलिपी | कागजातहरु पुरा भए पश्चात तुरुन्तै | |
| १० | एस.एल.सि.सर्वोत्कृष्ठ छात्रवृत्ति कार्यक्रम | एस.एल.सि.को लब्धाङ्क पत्र र चारित्रीक प्रमाण पत्रको प्रतिलिपी<br>स्वयं वा अभिभावक सदस्यको आवेदन पत्र<br>सदस्यता लिएको शेयर प्रमाण पत्रको प्रतिलिपी | बार्षिक साधारण सभाको अबसरमा पुरस्कृत गरिने छ । | |
| ११ | महिला उद्यम शिलता बिकास कार्यक्रम | संस्थाद्वारा तयार गरिएको फाराम भर्नुपर्ने<br>ब्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपी | स्थलगत अनुगमन गरि सो को आधारमा समुह बनाई समुहको रोहवरमा कागजात पुरा गरि ऋण लगानी गरिने छ । | |
| १२ | सहकारी शिक्षा तथा उधमशिलता बिकास तालिम | सहकारी शिक्षा संस्थाको निर्णय तथा बार्षिक कार्ययोजना अनुसार सदस्यहरुको पहिचान गरि उधमशिलता बिकास तालिम सदस्यहरुको मागको आधारमा | संचालक समितिको निर्णय तथा माग अनुसार उपर्युक्त समयमा | |

| | | |
|---|---|---|
| **धितो मूल्याङ्कन उपसमिति** | | |
| १. | संयोजक | श्री तारा बुढाथोकी |
| २. | सदस्य | श्री बालकृष्ण बस्नेत |
| ३. | सदस्य | श्री भुवन सुबेदी |
| **ऋण स्वीकृत उपसमिति** | | |
| १. | संयोजक | श्री गोपाल पौड्याल |
| २. | सदस्य | श्री जीवन कोईराला |
| ३. | सदस्य | श्री तुलसा बुढाथोकी |
| ४. | सदस्य | श्री भुवन सुवेदी |
| **शिक्षा उपसमिति** | | |
| १. | संयोजक | श्री नविन लामिछाने |
| २. | सदस्य | श्री जीवनमणि दुलाल |
| ३. | सदस्य | श्री रेनुकादेवी फागो |
| **महिला उद्यमशीलता विकास उपसमिति** | | |
| १. | संयोजक | श्री यसोदा देवान |
| २. | सदस्य | श्री गंगा उप्रेती |
| ३. | सदस्य | श्री निर्लजा खड्गी |